# ढकारी राजपत्र

## ढकारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या १७ मिति २०८१ असार ३१ गते


## भाग १

## ढकारी गाउँपालिकाको सूचना

यस ढकारी गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८१ बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८१ को ऐन नं. १७

### आर्थिक ऐन, २०८१

**प्रस्तावना:** ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि

स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य राजस्व संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ बमोजिम ढकारी गाउँपालिकाको गाउँ सभाले यो ऐन जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "ढकारी गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि ढकारी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर** :गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम एकीकृत/सम्पत्ती कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

३. **भूमी कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गको उपभोगका आधारमा अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **घरजग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूची -३

बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. <u>व्यवसाय करः</u> गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. <u>जडिबुटी, कवाडी र जीवजन्तु करः</u> गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची -५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. <u>सवारी साधन करः</u> गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची -६ बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

८. <u>विज्ञापन कर:</u> गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची -७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. <u>मनोरन्जन कर:</u> गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची -८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. <u>बहाल बिटौरी शुल्क:</u> गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गा मा अनुसूची -९ मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. <u>पार्किङ शुल्क:</u> गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत

अनुसूची -१० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफटिङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची -११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची -१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. पर्यटन प्रवेश शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वयिक सम्पदा उपयोग गरे बापत पर्यटकहरुबाट अनुसूची -१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

१५. **कर छुट/तथा जरिवानाः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची -१४ बमोजिम कर छुट दिईने छ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ।

ढकारी गाउँपालिका

# अनुसूची -१

*(दफा २ सँग सम्बन्धित)*

## सम्पत्ति कर

| क्र. सं | आ.ब. | मूल्य देखि | मूल्य सम्म (रु.) | कर (रू) | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८१/०८२ | १ रुपैया | ५ लाख | ५०। | एकमुष्ट |
| २. | २०८१/०८२ | ५ लाख १ रुपैया | २० लाख | १०। | प्रति लाख |
| ३. | २०८१/०८२ | २० लाख १ रुपैया | ५० लाख | २०। | प्रति लाख |
| ४. | २०८१/०८२ | ५० लाख १ रुपैया | १ करोड | २५। | प्रति लाख |
| ५. | २०८१/०८२ | १ करोड १ रुपैया | २ करोड | ३०। | प्रति लाख |
| ६. | २०८१/०८२ | २ करोड १ रुपैया | ५ करोड | ३५। | प्रति लाख |
| ७. | २०८१/०८२ | ५ करोड १ रुपैया | ९९ अरब ९९ करोड ९९ लाख ९९ हजार ९ सय ९९ रुपैया | ४०। | प्रति लाख |

# अनुसूची -२

*(दफा ३ सँग सम्बन्धित)*

## <u>भूमि/मालपोत कर</u>

| क्रस | विवरण | आ.व. २०८१/८२ | कैफियत |
|---|---|---|---|
| १ | मालपोत कर प्रति रोपनी | रु.७/- | |

ढकारी गाउँपालिका

# अनुसूची -३

*(दफा ४ सँग सम्बन्धित)*

## घर जग्गा वहाल कर

| सि.नं | विवरण | आ.व.२०८१/८२ (रु.) | कैफियत |
|---|---|---|---|
| १ | घर वहाल कर (आम्दानीको) | १० प्रतिशत | |
| २. | १० व.मि. -२० व.मिटर | २,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |
| ३. | २१ व.मि. – ३५ व. मिटर | ३,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |
| ४. | ३६ व. मि – ६० व.मिटर | ५,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |
| ५. | ६१ व.मिटर – १०० व. मिटर | ७,०००/- (मासिक) | सार्वजनिक संस्थाको स्वामित्वमा रहेको जग्गा भाडामा दिदा |

ढकारी गाउँपालिका

# अनुसूची - ४
*(दफा ५ सँग सम्बन्धित)*

## व्यवसायीक कर (वार्षिक)

| सि.नं. | विवरण | आ.व. २०८१/८२ (रु.) | कैफियत |
|---|---|---|---|
| १. | चिया नास्तासाना किराना सामान्य कष्मेटिक पसल | १०००/- | |
| २. | रेष्टुरेण्ट लज एण्ड होटल | ५०००/- | |
| ३. | सामान्य होटल | २५००/- | |
| ४. | मासु पसल | २०००/- | |
| ५. | मदिरा डिलर | ८०००/- | |
| ६. | मदिरा खुद्रा | ३५००/- | |
| ७. | किराना पसल खुद्रा | १०००/- | |
| ८. | किराना पसल थोक | ३०००/- | |
| ९. | तयारी पोशाक पसल | २०००/- | |
| १०. | काचो कपडा पसल | २०००/- | |
| ११. | तयारी पोशाक/काचो कपडा पसल/फेन्सी पसल | ३०००/- | |
| १२. | स्टेशनरी तथाखेलकूद सामग्री पसल | २५००/- | |
| १३. | ब्यूटी पार्लर | १०००/- | |
| १४. | हेयर कटिङ्ग सेण्टर | १०००/- | |
| १५. | भाडा पसल | २५००/- | |
| १६. | हार्डवेयर सप्लायर्स पसल(थोक) | ८०००/- | |
| १७. | हार्डवेयर पसल-खुद्रा | ५०००/- | |
| १८. | मोटरसाइकल वर्कसप | ५०००/- | |
| १९. | सामान्य औषधी पसल | २०००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/८२ (रु.) | कैफियत |
|---|---|---|---|
| २०. | ल्याव एक्सरे सहितको मेडिकल | ३०००/- | |
| २१. | सुनचाँदी पसलसानो (२ लाख भन्दा कम पूँजी भएको) | ३०००/- | |
| २२. | सुनचाँदी पसल ठूलो (२ लाख भन्दा बढी पूँजी भएको) | ४०००/- | |
| २३. | गल्ला खरिद पसल(( धान, मकै, गहुँ, कोदो, भटमास, दलहन, तेलहन बाली,नगदे बाली ) | १०००/- | |
| २४. | सिलाइ सेन्टर लेडिज मात्र | ७००/- | |
| २५. | सिलाइ सेन्टर लेडिज तथा जेन्स सबै | २०००/- | |
| २६. | निर्माण व्यवसायिक कर "क" वर्ग | ३००००/- | |
| २७. | निर्माण व्यवसायिक कर "ख" वर्ग | २५०००/- | |
| २८. | निर्माण व्यवसायिक कर "ग" वर्ग | २००००/- | |
| २९. | निर्माण व्यवसायिक कर "घ" वर्ग | ५०००/- | |
| ३०. | फर्निचर उद्योग/व्यवसाय भ्याट दर्ता | १००००/- | |
| ३१. | फर्निचर उद्योग/व्यवसाय (PAN नम्बर भएको सामान्य) | ५०००/- | |
| ३२. | चिरानी हाते आराले | १५००/- | |
| ३३. | मेसिन चिरानी | ५०००/- | |
| ३४. | खाद्य उद्योग पाउरोटी,चाउमिन चाउँचाउँ | १५००/- | |
| ३५. | लघु जलविद्युत प्रति किलो वाट | ३००/- | |
| ३६. | कुटानी पिसानी पेलानी मिल | २०००/- | |
| ३७. | क्रसर उद्योग | ३००००/- | |
| ३८. | अन्य उद्योग (२० लाख माथी | १५०००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/८२ (रु.) | कैफियत |
|---|---|---|---|
| | पूजी) | | |
| ३९. | टयाक्टर पटके | १०००/- | |
| ४०. | इट्टा टायल उद्योग | ७०००/- | |
| ४१. | नदीका माछा मार्ने/बेच्ने पसल | १०००/- | |
| ४२. | गिट्टी वालुवा प्रति ट्राली | ११००/- | |
| ४३. | सिलेट पत्थर निकासी प्रति गोटा | २/- | |
| ४४. | पशु व्यवसाय फर्म दर्ता | ५००/- | |
| ४५. | पशु व्यवसाय प्रतिगोटा | ५०/- | |
| ४६. | खसी बोका निकासि वार्षिक(व्यवसायिक रुपमा) | १००००/- | |
| ४७. | खसी, बोका, बाख्रा खरिद निकासि (प्रति गोटा) | ५०/- | |
| ४८. | टपरी उद्योग/ अचार/ दालमोठ/चिप्स | ५००/- | |
| ४९. | भैसी खरिद विक्री (व्यवसाय दर्ता (खरिद प्रति गोटा) | १००/- | |
| ५०. | मोबाइल घुम्ती पसल (दैनिक/मासिक) | १०००/- | |
| ५१. | मोबाइल, घडी, अन्य विद्युतीय सामग्री विक्री घुम्ती दैनिक/मासिक | १०००/- | |
| ५२. | मोबाइल, घडी, अन्य विद्युतीय सामग्री विक्री घुम्ती बार्षिक | ५०००/- | |
| ५३. | ग्याँस, कुकर/ खेलौना बेच्ने/मर्मत घुम्ती दैनिक/मासिक | ५००/- | |
| ५४. | ग्याँस, कुकर/ खेलौना बेच्ने/मर्मत घुम्ती वार्षिक | २०००/- | |
| ५५. | मुढा/डोको/ काठका भाडा घुम्ती | ५००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/८२ (रु.) | कैफियत |
|---|---|---|---|
| | पसल वार्षिक | | |
| ५६. | ट्युसन सेन्टर | ५०००/- | |
| ५७. | मोवाइल पसल (मर्मत, विक्रि) | २०००/- | |
| ५८. | घडी रेडियो पसल (मर्मत, विक्रि) | १५००/- | |
| ५९. | विद्युतीय सामानविक्री पसल (इलेक्ट्रोनिक्स) | २०००/- | |
| ६०. | कम्प्युटर इन्सिच्युट | ५०००/- | |
| ६१. | फोटोकपी प्रिन्ट | १०००/- | |
| ६२. | अपसेट प्रेस ,मुद्रण | ५०००/- | |
| ६३. | मिल काठचिरानी | ४५००/- | |
| ६४. | **विशेष परामर्शतथा अन्य व्यवसायिक सेवा** | | |
| ६५. | चिकित्सक | १५००/- | |
| ६६. | कविराज बैद्य | १५००/- | |
| ६७. | इन्जिनियर | १५००/- | |
| ६८. | कानुन व्यावसायी | १५००/- | |
| ६९. | लेखा परीक्षक | २०००/- | |
| ७०. | दन्त चिकित्सक | १५००/- | |
| ७१. | अनुसन्धानकर्ता र परामर्शदाता | १०००/- | |
| ७२. | पशु चिकित्सक | १०००/- | |
| ७३. | विमा एजेण्ट | १०००/- | |
| ७४. | घर नक्सा डिजाइन गर्ने कन्सलटेन्सी | ५०००/- | |
| ७५. | फोटोग्राफी/भिडियो रेकडर | २०००/- | |
| ७६. | एफएम रेडियो स्टेशन | ५०००/- | |
| ७७. | बस | १००/- | |
| ७८. | टिप्पर/ट्रक | १००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/८२ (रु.) | कैफियत |
|---|---|---|---|
| ७९. | ट्र्याक्टर | १००/- | |
| ८०. | जीप | १००/- | |
| ८१. | कुखुरापालन ५०० सम्म व्यवसाय दर्ता | ५००/- | |
| ८२. | कुखुरा पालन ५०१-१००० सम्म | १०००/- | |
| ८३. | बाख्रापालन व्यवसाय दर्ता भएका ५० सम्म | १०००/- | |
| ८४. | बाख्रा पालन व्यवसाय दर्ता भएका ५० देखि माथि | १५००/- | |
| ८५. | फलफुल/तरकारी पसल खुद्रा | ५००/- | |
| ८६. | फलफुल/तरकारी पसल थोक | २०००/- | |
| ८७. | रिटेल पसल ट्याक्टर/जीपबाट बेच्ने) | ५०००/- | |
| ८८. | सिरक डसना बनाउने बार्षिक | २०००/- | |
| ८९. | कृषि फर्म | ५००/- | |
| ९०. | होजीयारी हाते | ५००/- | |
| ९१. | मेसिन होजीयारी | १०००/- | |
| ९२. | Handcaraft | ५००/- | |
| ९३. | डोको बजार मासिक | ५००/- | |
| ९४. | आरन/आफर | ५००/- | |
| ९५. | घट्ट | ५००/- | |
| ९६. | विभिन्न प्रकारका जडिबुटिको कारोबार गर्ने | १०००/- | |
| ९७. | पुजा सामाग्री पसल | १०००/- | |
| ९८. | डेयरी (दुध तथा दुग्ध जन्य पदार्थको खुद्रा कारोवार गर्ने) | १०००/- | |
| ९९. | कृषि तथा पशुपन्छी समूह दर्ता | १००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/८२ (रु.) | कैफियत |
|---|---|---|---|
| १००. | स्यानेटरी प्याड उद्योग ५ लाख सम्म पुँजी भएको | १०००/- | |
| १०१. | स्यानेटरी प्याड उद्योग ५ लाख भन्दा बढी पुँजी भएको | २०००/- | |
| १०२. | कृषि तथा पशुपन्छी समूह नवीकरण | ५०/- | |

माथि उल्लेखित व्यावसाय बाहेकका विभिन्न सप्लायर्स तथा निर्माण सेवाको नाममा दर्ता भइ सकेका वा नयाँ दर्ता हुने कम्तिमा पाँचवटा सम्म कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट १५०००/- र पाँच भन्दा बढी प्रकारको कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट २००००/- दर्ता शुल्क बाफत लिने र वार्षिक नवीकरण गर्दा दर्ता शुल्कको ५०% रकम लिइ नवीकरण गर्ने।

ढकारी गाउँपालिका

# अनुसूची ५

*(दफा ६ सँग सम्बन्धित)*

## जडिबुटी, कवाडी जीवजन्तु कर

१. ऊन, जडिबुटी, वनकस, कवाडी माल, जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाख, छाला, जस्ता वस्तुको व्यवसाय कारोबार गरे वापत प्रति ईकाई प्रति पटक रु.२०/- जडिबुटी र जीवजन्तु कर लाग्ने। कवाडी मालसामानको हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(क) कागज जन्य सामानको लागि प्रति किलोग्राम रु. २/-

(ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रु २/-

(ग) स्टीलजन्य सामानकको लागि प्रति किलोग्राम रु. २/-

(घ) खाली बोतल, शिशि तथा अन्यका हकमा प्रति गाडि रु.१००/-

२. जडिबुटिको हकमा देहायबमोजिम हुनेछ।

| क्र.स. | जडिबुटी | यस गा.पा.उत्पादन हुने प्रति केजी (रु.) | वाहिरबाट निकासीको लागि आउने प्रति केजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | कटुकी प्रति केजी | १५/- | २/- | |
| २. | अत्तिस | २०/- | २/- | |
| ३. | जटामसि | १०/- | २/- | |
| ४. | चिराइतो | २०/- | २/- | |
| ५. | कालादाना | १०/- | २/- | |

| क्र.स. | जडिबुटी | यस गा.पा.उत्पादन हुने प्रति केजी (रु.) | वाहिरबाट निकासीको लागि आउने प्रति केजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| ६. | भूतकेश | ५/- | २/- | |
| ७. | गुच्ची च्याउ | ५०/- | २०/- | |
| ८. | सिलाजित | १०/- | २/- | |
| ९. | काँकडशिलो | १०/- | २/- | |
| १०. | भोजपत्र | ५/- | २/- | |
| ११. | सुगन्धवाल | ५/- | २/- | |
| १२. | सुनपाते | ५/- | २/- | |
| १३. | विषजरा | १०/- | २/- | |
| १४. | पोडे | २०/- | २/- | |
| १५. | यार्सागुम्वा | - | ५०/- | |
| १६. | पदमचाल | ५/- | २ /- | |
| १७. | पाँच औले | २५/- | ५/- | |
| १८. | घोडामर्चा | ५/- | २/- | |
| १९. | सतुवा | ५०/- | २/- | |
| २०. | डालेचुक | १०/- | २/- | |
| २१. | धुपजडी | १०/- | २/- | |
| २२. | लौठसल्ला | १०/- | २/- | |
| २३. | रातो च्याउ | २०/- | २/- | |
| २४. | काठकोफुरु प्रति गोटा | १०/- | २/- | |
| २५. | धुपीसल्ला | २/- | २/- | |
| २६. | टिमुर | १०/- | २/- | |
| २७. | दालचिनी/तेजपत्ता | १०५/- | २/- | |

| क्र.स. | जडिबुटी | यस गा.पा.उत्पादन हुने प्रति केजी (रु.) | वाहिरबाट निकासीको लागि आउने प्रति केजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| २८. | सभय | १०/- | २/- | |
| २९. | जन्तीफूल | १०/- | २/- | |
| ३०. | चापीनु | १०/- | २/- | |

ढकारी गाउँपालिका

# अनुसूची ६

*(दफा ७ सँग सम्बन्धित)*

## सवारी कर

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नु पर्नेछ।

ढकारी गाउँपालिका

# अनुसूची ७

*(दफा ८ सँग सम्बन्धित)*

## विज्ञापन कर

१. विज्ञापन कर निम्नानुसार हुनेः

(क) भवनको झ्याल, ढोका छोपेर परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइने छैन।

(ख) सार्वजनिक बाटो, सँधियारको सिमाना, सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाइने छैन।

(ग) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएको जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्बिर वा अक्षरको विज्ञापन कर छुट नहुने।

(घ) भवन, जमिन, व्यापारिक वा व्यावसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका

लागि राखिएका प्रचार सामग्रीमा विज्ञापन कर छुट नहुने।

(ङ) सूर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा ढकारी गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाइने छैन।

२. <u>विज्ञापनको करको दरः</u>

(क) होडिङ्ग बोर्ड १० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु २०/-

(ख) होडिङ्ग बोर्ड २० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु ३०/-

(ग) भित्तेलेखन प्रति स्क्वायर फिट रु १५/-

(घ) विद्युत वा टेलिफोनका पोलमा राखिएका प्रति बोर्डमा रु २५०/-

(ङ) फ्लेक्सबाट तयार गरिएको ब्यानरमा १० स्क्वायर फिट सम्मलाई रु ४००/- र सो भन्दा माथीको लागि रु ६००/-

(च) अस्थायी रुपमा पोलमा लगाइएका ब्यानर प्रति दिन रु. १०/-

ढकारी गाउँपालिका

(छ) अस्थायी रुपमा सडक वारपार गरी लगाइएका ब्यानर प्रतिदिन रु.२०/- यस्तो ब्यानर बढीमा पन्ध्र दिनका लागि मात्र लगाउन पाइनेछ, त्यसपछि उक्त ब्यानर सम्बन्धित संस्था वा व्यक्ति उठाई लैजानु पर्नेछ।

(ज) मालवाहक सवारी साधनको दायाँबायाँ पट्टिको भागमा अधिकतम् दश स्क्वायर फुट सम्मको लागि प्रतिदिन रु ५०/- र अस्थायी रुपमा लेखिएको वा छापिएको पर्चा सामग्रीको लागि प्रति वर्ष प्रति वर्ग फुट रु. २५/-

(झ) खेलकुद मैदान, मेला, जात्रा पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको अधिकतम् बिस स्क्वायर फुट सम्मको प्रति दिन रु.५०/-

(ञ) अन्यको हकमा प्रति वर्ग फुट प्रति वर्ष रु.१००/-

ढकारी गाउँपालिका

# अनुसूची ८

*(दफा ९ सँग सम्बन्धित)*

**<u>मनोरन्जन कर</u>**

१. मेला जात्रा तथा महोत्सव शुल्क रु . १०००/- (आयोजकले तिर्ने )

२. तिन महिना भन्दा बढी जादु, सर्कस, मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गरे वापत मासिक रु.१५००/-

ढकारी गाउँपालिका

# अनुसूची ९

*(दफा १० सँग सम्बन्धित)*

## बहाल विटौरी शुल्क

| क्र.सं. | शुल्कको नाम | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | बहाल विटौरी शुल्क | टहरो छाप्रो | ५०/- (मासिक) | |
| | | घुम्ती | ५०/- (मासिक) | |
| | | ठेला मासिक | ५०/- (मासिक) | |
| | | हाटबजार वार्षिक ठेक्का | - | |
| २. | गाउँपालिकाको ईन्जिनियरिङ्ग सामाग्री भाडामा दिने | टि. एस. मेसिन | ५,०००/- (दैनिक) | |
| | | लेभलिङ्ग मेसिन | ३,०००/- (दैनिक) | |
| | | जि.पि.एस. | १,०००/- (दैनिक) | |
| ३. | गाउँपालिकाको जे.सि.बि. भाडा | जे.सि.बि. मा गाउँपालिकाले तेल हालेमा | ४,०००/- प्रति घण्टा | |
| | | जे.सि.बि. मा गाउँपालिकाले तेल नहालेमा | २८००/- प्रति घण्टा | |

ढकारी गाउँपालिका

## अनुसूची १०

*(दफा ११ सँग सम्बन्धित)*

**पार्किङ्ग शुल्क**

१. क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बहिर्गमन फरक फरक हुने गरी कुनै पनि सडकको कुल चौडाईको पच्चीस प्रतिशत भन्दा बढी भाग नओगटीने गरी भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा नीजि क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्था गर्न सकिने।

२. यस सम्बन्धी पार्किङ्ग शुल्क लिने व्यवस्था गाउँ देहायबमोजिम हुनेछ।

| | | | |
|---|---|---|---|
| १. | बस, ट्रक, ट्याक्टर प्रतिदिन | रु.१००/- | |

ढकारी गाउँपालिका

# अनुसूची ११

*(दफा १२ सँग सम्बन्धित)*

## ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पीङ्ग, जिपफ्यार यीप्टिङ्ग शुल्क

यस सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

ढकारी गाउँपालिका

# अनुसूची १२

*(दफा १३ सँग सम्बन्धित)*

## सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ रु. | कैफियत |
|---|---|---|---|
| १. | निवेदन दस्तुर | रु १० को टिकट | |
| २. | सिफारिस दस्तुर | १००/- | |
| ३. | अङ्ग्रेजीमा गरिने सबै सिफारिस | २००/- | |
| **नेपालीमा गरिने तपसिलका सिफारिसहरुको दस्तुर** | | | |
| ४. | नागरिकता सिफारिस दस्तुर | १००/- | |
| ५. | नागरिकता प्रतिलिपि सिफारिस दस्तुर | १००/- | |
| ६. | नाता प्रमाणित दस्तुर | १००/- | |
| ७. | नाता कायम दस्तुर | १००/- | |
| ८. | पारिवारिक विवरण दस्तुर | १००/- | |
| ९. | बसोबास प्रमाणित दस्तुर | १००/- | |
| १०. | नाबालक सिफारिस दस्तुर | १००/- | |
| ११. | जन्म मिति प्रमाणित दस्तुर | १००/- | |
| १२. | वैवाहिक सम्बन्ध प्रमाणित दस्तुर | १००/- | |
| १३. | अविवाहित प्रमाणित दस्तुर | १००/- | |
| १४. | व्यक्तिगत प्रमाणित दस्तुर | १००/- | |
| १५. | चारित्रिक प्रमाणित दस्तुर | १००/- | |
| १६. | सम्बन्ध विच्छेद प्रमाणित दस्तुर | १००/- | |
| १७. | कक्षा ८ ग्रेडसिट प्रतिलिपि | १००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ रु. | कैफियत |
|---|---|---|---|
| | प्रथम पटक | | |
| १८. | कक्षा ८ ग्रेडसिट प्रतिलिपि दोस्रो पटक देखि | ५००/- | |
| १९. | IEMIS विलम्ब शुल्क | ५००/- | |
| २०. | व्यवसाय बन्द तथा नाम परिवर्तन शुल्क | ५००/- | |
| २१. | वडा सरजमिन मुचुल्का | १००/- | |
| २२. | अन्य वडा सिफारिसहरु | १००/- | |
| २३. | पटके सिफारिस दस्तुर | ३००/- | |
| २४. | पट्के सिफारिस दोहोरो प्रतिलिपी | ५००/- | |
| २५. | पिछडिएको क्षेत्र सिफारिस दस्तुर | १००/- | |
| २६. | खाता सञ्चालन सिफारिस दस्तुर | ३००/- | |
| २७. | खाता बन्द सिफारिस दस्तुर | ५००/- | |
| २८. | संघ/प्रदेश तथा अन्य संस्थासँग योजना माग सिफारिस | १००/- | |
| २९. | ऐनमा उल्लेख नभएका गाउँपालिकाले गर्ने अन्य सिफारिस | १००/- | |
| ३०. | चार किल्ला प्रमाणित पहिलो कित्ता/ १ रोपनी | १००/- | |
| ३१. | चार किल्ला प्रमाणित पहिलो कित्ता पछि थप प्रति रोपनी | २५/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ रु. | कैफियत |
|---|---|---|---|
| ३२. | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २००/- | |
| ३३. | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | १००/- | |
| ३४. | उजुरी निवेदन दस्तुर | १००/- | |
| ३५. | मिलापत्र दस्तुत | १०००/- | |
| ३६. | जग्गा दर्ता वा नामसारी सिफारिस प्रति रोपनी | १००/- | |
| ३७. | राजिनामा, बकसपत्र | ५००/- | |
| ३८. | घरबाटो सिफारिस एक कित्ता | २००/- | |
| ३९. | घरबाटो सिफारिस थप प्रति कित्ता | १००/- | |
| ४०. | अमिन खटन दस्तुर | 3000/- | |
| ४१. | घर नक्सा नामसारी | ५००/- | |
| ४२. | घर जग्गा मूल्याङ्कन एक लाख सम्मको | 500/- | |
| ४३. | घर जग्गा मूल्याङ्कन थप प्रति लाखको | २००/- | |
| ४४. | नक्सापास फारम दस्तुर | ५००/- | |
| ४५. | आय स्रोत प्रमाणित दस्तुर | १००/- | |
| ४६. | सामुदायिक विद्यालय सञ्चालन अनुमति दस्तुर | ५,०००/- | |
| ४७. | सामुदायिक विद्यालय कक्षा थप अनुमति दस्तुर | २,५००/- | |
| ४८. | संस्थागत विद्यालय सञ्चालन अनुमति दस्तुर (बोर्डिङ्ग) | २०,०००/- | |
| ४९. | संस्थागत विद्यालय कक्षा | १०,०००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ रु. | कैफियत |
|---|---|---|---|
| | थप अनुमति दस्तुर (बोर्डिङ्ग) | | |
| ५०. | संस्थागत विद्यालय ठाउँ सारी दस्तुर (बोर्डिङ्ग) | २५००/- | |
| ५१. | व्यक्तिगत घटना दर्ता तथा प्रतिलिपि | (सङ्घीय कानून बमोजिम) | |
| ५२. | नामथर जन्ममिति संशोधन सिफारिस | १००/- | |
| ५३. | व्यवसाय दर्ता दस्तुर ( रु ५ लाख सम्म) | ५००/- | |
| ५४. | व्यवसाय दर्ता दस्तुर ( रू ५ लाख माथि) | १०००/- | |
| ५५. | घर खाली गराउदा प्रति दिन प्रतिकोठा | ६५/- | |
| ५६. | प्रतिलिपि सामाजिक सुरक्षा भत्ता परिचयपत्र प्रतिलिपि | १००/- | |
| ५७. | फर्निचर/काष्ट उद्योग सिफारिस | १००/- | |
| ५८. | मुहान दर्ता दस्तुर | १५००/- | |
| ५९. | मुहान दर्ता नवीकरण | ५००/- | |
| ६०. | नक्सा पास (भुइँ तला) | १०/- प्रति वर्ग फुट | |
| ६१. | नक्सा पास ( माथिल्लो तला) | ५ /-प्रति वर्ग फुट | |
| ६२. | काठ निकासी सिफारिस | १००००/- | |
| ६३. | माछा मार्ने अनुमति खोला | १००/- | |
| ६४. | ढुङ्गा निकासी अनुमति पत्र (प्रति घ.मि.) | १५०/- | |
| ६५. | गैर सरकारी संस्था दर्ता सिफारिस ( गाउँपालिकामा | ३०००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ रु. | कैफियत |
|---|---|---|---|
| | मूख्य कार्यालय रहने गरी) | | |
| ६६. | अन्तरराष्ट्रिय गैर सरकारी संस्था दर्ता सिफारिस (गाउँपालिकामा मुख्य कार्यालय रहने गरी) | ७०००/- | |
| ६७. | विद्युत जडानका लागि सिफारिस | २००/- | |
| ६८. | रोहवरमा वसी कामकाज गरेको न्युनतम (मुचुल्का) | ३००/- | |
| ६९. | टेलिफोन नेटवर्क टावर अनुमति/ सिफारिस | ८०००/- | |
| ७०. | लघुवित्त कम्पनी दर्ता/ सुचीकरण | ५०००/- | |
| ७१. | सहकारी संस्था दर्ता अनुमती | १०००/- | |
| ७२. | बैंक तथा वित्तीय संस्था "क" वर्ग दर्ता/ अनुमति | १५०००/- | |
| ७३. | बैंक तथा वित्तीय संस्था "ख" वर्ग दर्ता/अनुमति | १००००/- | |
| ७४. | बैंक तथा वित्तीय संस्था "ग" वर्ग दर्ता/अनुमति | ८०००/- | |
| ७५. | बैंक तथावित्तीय संस्था "घ" वर्ग दर्ता/ अनुमति | ८०००/- | |
| ७६. | घरजग्गा कारोवार प्रति आना सिफारिस | १००/- | |
| ७७. | पेट्रोल डिजेल ड्रममा विक्री गर्ने सिफारिस | २०००/- | |
| ७८. | पशु सेवा नाम दर्ता शुल्क | २०/- | |
| ७९. | गाडी/जीप/ट्रयाक्टर | १५००/- | |

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ रु. | कैफियत |
|---|---|---|---|
| | सुचिकृत | | |
| ८०. | गाउँपालिकाको नियम बमोजिम दर्ता हुने संस्थाको दर्ता दस्तुर | १०००/- | |
| ८१. | गाउँपालिकाको नियम बमोजिम दर्ता भएका संस्थाको नवीकरण दस्तुर | ५००/- | |
| ८२. | स्थायी लेखा नम्बरको (प्यान नं.) लागि सिफारिस दस्तुर | १००/- | |
| ८३. | सामुदायिक वन उपभोक्ता समूह सूचिकरण/दर्ता दस्तुर | वार्षिक आयको १०% | |
| ८४. | सामुदायिक वनबाट खोटो निकासी गर्ने व्यक्ति/संस्थाको खोटो निकासी दस्तुर | खरिद गरेको रकमको १०% | |
| ८५. | आँखा उपचार केन्द्र सेवा शुल्क दस्तुर | ५०/- | |

ढकारी गाउँपालिका

# अनुसूची १३

*(दफा १४ सँग सम्बन्धित)*

## <u>पर्यटन प्रवेश शुल्क</u>

१. प्रति पर्यटक एक पटकको लागि रु १००/-, सो को म्याद १५ दिनको लागि हुनेछ।

ढकारी गाउँपालिका

# अनुसूची १४

## दफा १५ सँग सम्बन्धित

## कर छुट तथा जरिवाना सम्बन्धी व्यवस्था

१. व्यवसाय करको हकमा चालु आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा व्यवसाय नवीकरण गरेमा कुल रकमको १०% छुट प्रदान गरिने छ। चालु आ.व भन्दा एक वर्ष पहिले देखि व्यवसाय कर नतिर्ने करदाता लाइ १०% विलम्ब शुल्क लाग्ने छ, २ वर्ष भन्दा भन्दा पहिले तथा ४ वर्ष देखिको व्यवसाय कर तिर्न बाँकि करदातालाई वार्षिक २०% का दरले विलम्ब शुल्क लाग्ने छ। ५ वर्ष वा सो भन्दा पहिले देखि व्यवसाय कर नतिर्ने करदातालाई वार्षिक ५०% का दरले विलम्भ शुल्क लाग्ने छ।

२. सम्पति करको हकमा चालु आ.व.को कार्तिक मसान्त सम्म कर दाखिला गर्न आएमा कुल रकमको ५% छुट प्रदान गरिने। चालु आ.व भन्दा एक वर्ष पहिले देखि सम्पति कर नतिर्ने करदातालाई १०% विलम्ब शुल्क लाग्ने छ, २ वर्ष भन्दा पहिले तथा ४ वर्ष देखिको कर तिर्न बाँकी करदातालाई वार्षिक २०% का दरले विलम्ब शुल्क लाग्ने छ। ५ वर्ष वा सो

भन्दा पहिले देखि सम्पति कर नतिर्ने करदातालाई वार्षिक ५०% का दरले विलम्भ शुल्क लाग्नेछ।

३. २ वा २ भन्दा बढी थारो भैसी तथा राँगाको निकासी गर्न निषध गरिएको छ। यदी सो कार्य गरेको पाइएमा निकासी गर्ने व्यक्तिबाट जरिवाना स्वरुप रु ५०,०००/- (पचास हजार मात्र) लिइनेछ।

<u>अन्य राजश्व</u>

(क) न्यायिक दण्ड जरिवाना –प्राप्त दण्ड शुल्कको १० %

(ख) फर्म , कन्सलटेन्सी (सुचीकृत)- रु १०००/-

(ग) गाउँपालिकाको सभा हल भाडा – रु १,००० प्रति दिन

आज्ञाले

लक्ष्मण साह

नि. प्रमुख प्रशासकीय अधिकृत

ढकारी गाउँपालिका